विराटनगर महानगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड ९) विराटनगर, जेठ १८ गते, २०८३ साल (संख्या १

## भाग २

## विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

## सूचना

### एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०८२

**पृष्ठभूमिः-**

एकल महिलालाई शिक्षा र सीपमूलक तालिम प्रदान गर्ने, स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने, औषधी उपचार गर्ने,

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

उद्धार गर्न, राहत दिन तथा पुनर्स्थापना गर्न, कानूनी सहायता प्रदान गर्न, एकल महिलाको व्यवस्थापन तथा सशक्तिकरण गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

विराटनगर महानगरपालिकाको "एकल महिला सुरक्षा कोष (सञ्चालन) ऐन, २०८१" को दफा ८(ग) ले दिएको अधिकार प्रयोग गरी विराटनगर महानगरपालिकाले देहायको मापदण्ड बनाएको छ।

## खण्ड १
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः- (१) यस मापदण्डको नाम " एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०८२ " रहेको छ।

(२) यो मापदण्ड नगर कार्यपालिकाले पारित गरेपछि लागु हुनेछ।

२. परिभाषाः-

(क) "अध्यक्ष" भन्नाले एकल महिला सुरक्षा कोष (सञ्चालन) ऐन, २०८१ को दफा ७(२) बमोजिम गठित समितिको संयोजकलाई सम्झनु पर्दछ।

(ख) "एकल महिला" भन्नाले एकल महिला सुरक्षा कोष (सञ्चालन) ऐन, २०८१ को दफा २(ख) मा परिभाषित महिलालाई सम्झनु पर्दछ।

(ग) "कोष" भन्नाले एकल महिला सुरक्षा कोष (सञ्चालन) ऐन, २०८१ को दफा ३(१) बमोजिमको कोष सम्झनु पर्दछ।

(घ)"महानगरपालिका" भन्नाले विराटनगर महानगरपालिकालाई सम्झनु पर्दछ।

(ङ) "प्रमुख" भन्नाले विराटनगर महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(च) "उपप्रमुख" भन्नाले विराटनगर महानगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ज) "सदस्य" भन्नाले एकल महिला सुरक्षा कोष (सञ्चालन) ऐन, २०८१ को दफा ७(२) बमोजिम

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

गठित समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्ष र सदस्य सचिवलाई समेत जनाउँछ।

## खण्ड २

**३. कोषको रकम उपलब्ध गराउँदा अपनाइने प्रकृयाः-**

(१) कोषको रकम लिन चाहने सामाजिक, आर्थिक दृष्टिले कमजोर र विपन्न एकल महिलाले ऐनको दफा ५ मा उल्लेखित देहायको मध्ये कुन सहयोग चाहेको हो सो व्यहोरा खुलाई कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(क) उद्दार, राहत तथा  पुनर्स्थापना,
(ख) औषधी उपचार,
(ग) कानूनी सहायता,
(घ) शिक्षा र सीपमूलक तालिम,
(ङ) विउ पुँजी र स्वरोजगार कार्य सञ्चालन

(२) निवेदकले अनुसूची -१ को ढाँचामा भरिएको निवेदन साथ देहायको कागजात संलग्न गरेको हुनु पर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको छायाँकपी,
(ख) एकल महिला भएको प्रमाणित हुने कागजात,

(ग) आफुले चाहेको सहयोगको विवरण सहितको निवेदन,

(घ) सम्बन्धित वडाले आर्थिक, सामाजिक रुपले कमजोर, विपन्न हो भन्ने प्रमाणित गरिएको सिफारिस पत्र।

(३) कार्यालयले उपदफा १ बमोजिमको प्राप्त निवेदनको आवश्यक जाँचबुझ गरी कोष सञ्चालक समितिमा पेश गर्नु पर्नेछ।

४. <u>खर्च मापदण्डः</u>-

दफा ३(३) बमोजिम प्राप्त निवेदनको प्रयोजनको लागि कोष सञ्चालाक समितिले रकम उपलब्ध गराउँदा निवेदक एकल महिलाको मागको औचित्य र निजले गर्न खोजेको कामको प्रकृति हेरी देहायको सहयोग उपलब्ध गराउन सक्नेछ।

- उद्धार, राहत तथा पुनर्स्थापनाः
  एकल महिलाको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि कोष सञ्चालक समितिले तोके बमोजिम रु १००००/- मा नबढ्ने गरी आवश्यक रकम उपलब्ध गराउन सक्नेछ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

- **औषधी उपचारः**

(क) घरमै बसी उपचार गराउदा अस्पताल आतेजाते समेतको मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्च बापत जम्मा रु १००००/- सम्मको बिल बमोजिमको रकम उपलब्ध गराउन सक्नेछ।

(ख) अस्पतालमै भर्ना भई उपचार गर्नुपर्ने भएमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सँग समन्वय गरी अस्पताल पुर्याउदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परिक्षण तथा औषधी खर्चका अतिरिक्त खाना खर्च बापत बिरामी र एक जना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन ३०० गरी जम्मा १५०००/- सम्मको बिल बमोजिमको रकम उपलब्ध गराउन सक्नेछ।एकल महिलासँग वालबालिका भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ।

(ग) विशेष अवस्थामा कोष सञ्चालक समितिले आवश्यकता र औचित्यका आधारमा रु ४०००/- सम्मको थप रकम निकासा गर्न सक्नेछ।

- **कानुनी सहायताः**

कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा रु १००००/- मा नबढ्ने गरी लागेको यथार्थ खर्च रकम उपलब्ध गराउन सकिनेछ।

- **शिक्षा र सीपमूलक तालिमः**

एकल महिलाको शिक्षा र सीपमूलक तालिमका लागि प्रतिव्यक्ति जम्मा रु १००००/- मा नबढ्ने गरी आवश्यक रकम उपलब्ध गराउन सकिनेछ।

- **स्वरोजगार कार्यक्रमः**

एकल महिलालाई कुनै व्यवसाय गर्नको लागि वीउ पुँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा रु ३००००/- सम्म उपलब्ध गराउन सकिनेछ।

- **तत्काल रकम उपलब्ध गराउन सक्नेः-**

१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकल महिलालाई तत्काल उद्दार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा समितिको संयोजकले सो प्रयोजनका लागि कोषबाट रु ५००००/- मा नबढ्ने गरी

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

मनासिव रकम सम्बन्धित एकल महिलालाई उपलब्ध गराउन सक्नेछ,

२) उपदफा १ बमोजिमको अवस्था परी समितिको संयोजकबाट एकल महिलालाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

५. <u>खारेजी र बचाऊ</u>: (१) यस मापदण्डको व्याख्या गर्ने, संशोधन गर्ने र खारेज गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहेको छ ।

(२) यस मापदण्डमा उल्लेखित विषय संघीय सरकार र कोशी प्रदेश सरकारले बनाएको कानून र अन्य प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

# एकल महिला सुरक्षा कोषबाट बिउपुँजी रकम प्राप्त गर्न एकल महिला महिलाले भर्नु पर्ने अनुसूची फारम

१. नाम थर :-

२. ठेगाना :-

३. सम्पर्क नं.:-

४. उमेर :-

५. लिङ्ग:-

६. नागरिता प्रमाण पत्र :-

७. नागरिकता जारी मितिः- जिल्ला :-

८. परिवार सदस्य संख्या :-

९. जातिय विवरणः-

१०. पेशा :-

११. बार्षिक आम्दानीः-

१२. व्यवसाय :-

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

१३. लगानी :-

१४. स्वीकृत बिउपुँजीः-

१५. बैंक नामः-

१६. खाता नं.:-

१७. अन्य :-

निवेदकको दस्तखत

...............................

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

निवेदनको नमुना

मिति :-

श्री संयोजक ज्यू

विराटनगर महानगरपालिकाको कार्यालय

विराटनगर, मोरङ्ग ।

बिषय :-स्वरोजगारको लागि आर्थिक सहयोग सम्बन्धमा

महोदय,

उपरोक्त सम्बन्धमा यस विराटनगर महानगरपालिका वडा नं.........निवासी म श्री.......................को श्रीमान्‌ मिति ....................असामयिक निधन भई आफु र आफ्ना बालबालिकालाइ शिक्षा आर्जन तथा खान लाउन अति नै धौ धौ भएको हुँदा आफु र आफ्नो परिवारको जीवन यापनको लागि निम्न अनुसारको स्वोजगार गर्ने इच्छा भएको र आर्थिक अभाव भएकोले यस कार्यालयको एकल महिला सुरक्षा कोषबाट आर्थिक सहयोग गरी दिनु हुन अनुरोध छ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

निवेदक

नाम थर :-

ठेगाना :-

दस्तखत :-

व्यवसाय नामः-

आज्ञाले,
योगेन्द्र प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत
विराटनगर महानगरपालिका।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र